# ब्यास नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# दमौली,तनहुँ

**धानको बिउ खरिद सम्बन्धी गोप्य सिलबन्दी दरभाउ पत्र आब्हानको सुचना !!!**

प्रथम पटक प्रकासित मिति : २०७८।१२।२७

यस ब्यास नगरपालिका कृषि बिकास उपशाखा अन्तर्गत चालु आर्थिक बर्ष २०७८।०७९ मा बर्षे धानको बिउ खरिद कार्यक्रम रहेकोले उक्त खरिद कार्य गोप्य सिलबन्दी दरभाउपत्रबाट तत्काल गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक समूह फर्म तथा ब्यबसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी आब्हान गरिएको छ ।

**शर्तहरु**

१.दरभाउ पत्र पेश गर्ने ब्यबसायीहरुले नबिकरण भएको संस्था दर्ता प्रमाण पत्र,आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, प्रोपाइटर स्वयं उपस्थिती हुन नसकेमा नीजको आधिकारिक मञ्जुरीनामा र यस कार्यालयको राजश्व शाखा वा ब्यास नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०६००३०००००१००१००००००१ मा रु २००(दुई सय ) जम्मा गरेको भौचर अनिबार्य संलग्न राखी दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

२. दरभाउ खरिद गर्ने अन्तिम मिति : २०७९।०१।११

३. दरभाउ पत्रदाताले जमानत बापतको रकम नगदै जम्मा गर्नुपर्ने भएमा ब्यास नगरपालिकाको कार्यालय दमौली ने.बै.लि. शाखा कार्यालय स्थित धरौटी खाता नं.६००३०००००३००००००००१ मा धरौटी रकम जम्मा गरेको भौचर जम्मा वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट )मान्य अबधि भएको बैंक जमानत पत्र पेशगर्नु पर्नेछ । वा नगदै जम्मा गर्न सकिनेछ ।

४.रित पूर्बक खरिद भएका दरभाउ पत्रहरु २०७९।०१।११ गतेको दिनको १२ बजे सम्म दर्ता गरी सक्नुपर्नेछ । रित नपुगेको र म्याद नाघेर प्राप्त हुन आएको दरभाउ पत्र उपर कुनै कार्बाही गरिने छैन ।

५. दर्ता हुन आएका सिदबन्दी दरभाउ पत्र सोही दिन मिति : २०७९।०१।११ गतेको दिनको २ बजे दरभाउ पत्रदाता स्वं.वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउ पत्र खोल्न बाधा पर्नेछ ।

६. दरभाउ पत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनिक बिदा परेमा उक्त कार्य सोको भोली पल्ट सोही समयमा हुने छ ।

७. दरभाउ पत्र दाताले दरभाउ पत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फारम मात्र खरिद गर्नु पर्नेछ र सो फारामको प्रत्येक पानाममा दरभाउपत्र दाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरी पेश गर्नुपर्नेछ ।

८.एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउ पत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाइएमा निजले पेश गरेको दरभाउ पत्र अमान्य हुनेछ ।

९.दरभाउ पत्र पेशगर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ ।

१०.आफुले दाखिला गरेको दरभाउ पत्र फिर्ता लिन चाहेमा अनिबार्य दरभाउ पत्र दाता स्वयम वा निजको आधिकारीक प्रतिनिधि उपस्थित भई सक्कलै निबेदन पेश गर्नुपर्नेछ । फ्याक्स वा अन्य कुनै माध्यम बाट प्राप्त निबेदन मान्य हुने छैन ।

११.दरभाउ पत्र दाताले गुणस्तर चिन्ह अंकित लोगो र बिउ परिक्षण गरेको रिपोर्ट समेत भएको राम धान, साबित्री,सुख्खा २,३ धान उन्नत बिउ उपलब्ध गर्नुपर्नेछ ।

१२.उन्नत धानको बिउ खरिद कार्यक्रम ५० प्रतिशत साझेदारी कार्यक्रम भएको हुँदा दरभाउ पत्रमा कबोल गरेको रकमको ५० प्रतिशत कार्यालय र ५० प्रतिशत कृषक बाट गरेर कार्यालय मार्फत एकमुष्ट भुक्तानी हुनेछ ।

१३.यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावाली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

| क.स. | दरभाउ पत्र नं. | धानको बिउ बिबरण | कुल मुल्य (ढुवानी समेत ) | परिमाण ( के.जी.) | ठेक्का जमानत रकम रु | दरभाउपत्र पारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २ ।२०७८।०७९ | राम धान | ७६०००० | ९५०० | ३५४७० | २०० | |
| | | साबित्री | ५२४००० | ६५५० | | | |
| | | उन्नत सुख्खा | १३२००८ | १६५० | | | |
| | | अनदी | २८०० | ३५ | | | |
| | जम्मा | | १४१८८०८ | | | | |

**ब्यास नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**दमौली,तनहुँ**

**परिमाणको मात्रा (BOQ)**

**कार्यक्रमको नाम :** ब्यास नगरपालिका अर्न्तगत बिभिन्न जातको उन्नत धान वीउ खरिद (कार्यालय सम्म ढुवानी समेत )

आ.ब. : ०७८।०७९

दरभाउपत्र नं. :२कृषि ।२०७८।०८९

| क.स. | उन्नत धानको बिउ | | दर (प्रति के.जी.)अंकमा | दर (प्रति के.जी.)अक्षरमा | जम्मा |
|---|---|---|---|---|---|
| | बिबरण | परिमाण (क.जी.) | | | |
| १. | राम धान | ९५०० | | | |
| २. | साबित्री | ६५५० | | | |
| ३. | सुख्खा २,३ | १६५० | | | |
| ४ | स्थानीय अनदी | ३५ | | | |

फर्मको नाम :

ठेगाना :

सहि छाप :

मिति :

मोबाइल नम्बर :